बर्दिबास नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
प्रदेश नं. २, नेपाल

# सेनेटरी प्याड खरिद कार्यको लागी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७७।०२।०४)

यस नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत किसोरावस्थामा महिनावारी हुने उमेर समुहका छात्राहरुलाई सेनेटरी प्याड उपलब्ध गराउने उद्देश्यले इजाजत प्राप्त इच्छुक व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि खरिद कार्य गरी उपलब्ध गराउनको लागी रितपूर्वक बोलपत्र आव्हान गरिएको छ ।

शर्तहरु :

- बोलपत्र फारम खरिद गर्न इच्छुक व्यवसायिहरु फर्महरुले नविकरण तथा चालु आ.व.को लागि मान्यता प्राप्त भएको फर्म वा कम्पनीको प्रमाण पत्र, स्थायी इजाजत पत्र ,स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मु.अ. कर दर्ता प्रमाणपत्र (भ्याट), साथै आ.व. २०७५।७६ को कर चुक्ता विवरण पेश गरेको कागजात, अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपिको साथ तल उल्लेखित नगद रकम ( पछि फिर्ता नहुने) कृषि विकास बैंक लिमिटेड बर्दिबास शाखामा रहेको खाता नं. १००६३०११४९१२८०३२ मा जम्मा गरेको बैंक भौचर संलग्न गरी कार्यालयको राजस्व शाखाबाट बोलपत्र खरिद तथा दर्ता गर्न सकिनेछ ।
- बोलपत्र सम्बन्धि कागजात दाखिला गर्दा बोलपत्र पुस्तिकामा उल्लेख भए बमोजिमका कुराहरु खुलेको प्रमाण बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
- बोलपत्र पुस्तिका तथा सूचनामा उल्लेखित मुल्याङ्कनका आधारहरु पुरा नगर्ने दरभाउपत्र स्वीकृत गरिने छैन ।
- बोलपत्र फारम भर्दा अंक र अक्षर दुबैमा स्पष्ट लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ । साथै केरमेट भएको ठाँउमा सही छाप हुनु पर्ने छ ।
- बोलपत्र जमानत रकम कृषि विकास बैंक लिमिटेड शाखा बर्दिबासमा रहेको यस कार्यालयको धरौटी खाता नं. १००६३०११४९१२८०६७ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको हुनुपर्ने छ । बोलपत्र पेश गर्ने अन्तिम मिति बाट कम्तिमा १२० दिन सम्म म्याद भएको जमानत (Bid security) समावेश भएको हुनु पर्ने छ । अन्यथा बोलपत्र अयोग्य मानिने छ ।
- बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पुस्तिकामा संलग्न गरिएको स्पेशिफिकेसन तथा अन्य व्यहोरा प्रष्ट रुपमा पढि, सहि छाप गरि पेश गर्नुपर्ने छ । बोलपत्र जुन फर्मको नाम बाट खरीद भएको हो सोही फर्मको नामबाट दर्ता गराउनुपर्ने छ ।
- कुनैपनि कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
- सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसूचि १ र २ ले तोकेबमोजिमको न्यूनतम मापदण्ड हुनुपर्ने छ ।
- बोलपत्र फाराम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, (संशोधन समेत) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन समेत) बमोजिम हुनेछ ।
- बोलपत्र फाराम खरिद दर्ता गर्ने समय र अन्य विवरण तपशिल अनुसार रहेको छ :

| | | |
|---|---|---|
| बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय : २०७७।०३।०२ कार्यालय समय भित्र । | बोलपत्र दर्ता गर्ने अन्तिम मिति : २०७७।०३।०३ गते, समय : दिउँसो १२ बजे भित्र । | बोलपत्र खोल्ने मिति : २०७७।०३।०३ गते, समय : दिउँसो १:०० बजे । |

| क्र.स. | ठेक्का नं. | खरिद गर्नु पर्ने कामको विवरणहरु | लागत अनुमान रु. (भ्याट बाहेक) | जमानत वापतको रकम (रु) | बोलपत्र फारम दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | NCB-15-2076/77 | सेनेटरी प्याड खरिद कार्य | ३३९२३२८ | ८५०००./- | ३०००./- | |

प्रमुख प्रशासकिय अधिकृत